# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. चिरंजीबि नेपाल संयुक्त राज्य अमेरिका प्रस्थान

गभर्नर डा. चिरंजीबि नेपाल International Monetary Fund (IMF) तथा the World Bank Group (WBG) को संयुक्त आयोजनामा संयुक्त राज्य अमेरिकाको वासिङ्गटन डिसीमा आयोजना हुने 2019 Annual Meetings of the World Bank Group and the International Monetary Fund मा सहभागी हुन असोज २८ गते मंगलबार साँझ त्यसतर्फ प्रस्थान गर्नुभयो । उक्त अवसरमा Southeast Asia Voting Group द्वारा आयोजना हुने संयुक्त बैठकमा समेत गभर्नर डा. नेपाल सहभागी हुने कार्यक्रम रहेको छ ।

आ-आफ्नो संस्थाहरुका नीति तथा कार्यक्रमका बारेमा छलफल गर्न IMF Board of Governors तथा World Bank Board of Governors को बर्षमा एक पटक वार्षिक बैठक गर्ने परम्परा अनुसार उक्त कार्यक्रम आयोजना हुन लागेको हो । वार्षिक बैठकमा उक्त संस्थाका सदस्य राष्ट्रका अर्थ मन्त्रालय, केन्द्रीय बैंक, प्राज्ञिक क्षेत्र तथा निजी क्षेत्रका प्रतिनिधिहरुको सहभागिता रहने गर्दछ । कार्यक्रममा सदस्य राष्ट्रका प्रतिनिधिहरुले विश्व अर्थ व्यवस्था, अन्तर्राष्ट्रिय विकास तथा क्षेत्रीय सहकार्य लगायतका आर्थिक विषयहरुमा छलफल गर्नेछन् ।

गभर्नर डा. नेपाल Annual Meeting का साथै उक्त Meeting को Sideline मा आयोजना हुने ३९ औं SAARCFINANCE Group Meeting मा समेत सहभागी हुनुहुनेछ । दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (SAARC) का सदस्य मुलुकहरुका गभर्नर र अर्थ सचिव सदस्य रहने SAARCFINANCE को बैठकमा सदस्य मुलुकहरुको आपसी हितका बारेमा छलफल हुनेछ । अमेरिकामा रहँदा उहाँ विभिन्न सामूहिक छलफलका साथै अन्तर्राष्ट्रिय मुद्रा कोषका Deputy Managing Director, IMF, Asia Pacific Department का Director लगायत कोषका विभिन्न विभागका बरिष्ठ अधिकारीहरूसँग द्विपक्षीय भेटवार्ताहरुमा समेत सहभागी हुने कार्यक्रम रहेको छ ।

२०७६ असोज २८, मंगलबार

गभर्नरको कार्यालय